# मकालु गाउँपालिकाको आर्थिक ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मितिः २०७५/०३/२२
प्रमाणीकरण मितिः २०७५/०३/२२
राजपत्रमा प्रकाशित मितिः २०७५/०७/२६

**प्रस्तावना :**

मकालु गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्थ ।गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम प्ररम्भ :** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ ।
(२) यो ऐन २०७५ श्रावण १ गते देखि मकालु गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२) **सम्पत्ती कर** : गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत, सम्पत्ती कर, घर जग्गा कर, लगाइने र असुल उपर गरिनेछ ।

३) **भूमिकर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र जग्गामा त्यस्तो उपभोगका आधारमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लागाइने र असुल उपर गरिने छ । (एकिकृत सम्पत्ती कर लगाइएको अवस्थामा भूमिकर नलाग्ने)

४) **घर जग्गा बहाल कर** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५) **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **जडिबुटी, कवाडी र जिवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो , जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसाय कारोबार गरेवापत अनुसूची (५) वमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७) **सवारी साधन कर** : गाँउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको सञ्चित कोषमा बाँडफाँड गर्नुपर्ने छ ।

८) **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत सङ्कलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९) **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत सङ्कलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०) **बहाल बिटौरी शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार, पसल सरकारी जग्गामा अनुसूची (९) मा भए अनुसार वहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२) **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३) **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, सञ्चालन, वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४) **पर्यटन प्रवेश शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१५) **कर छुट** : यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६) **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधी** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १
## गाउँपालिकाले लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु

आ.व. ०७४/७५ तथा आ.व. ०७५/७६ का लागि लागू हुने गरि एकिकृत सम्पत्ति करको प्रयोजनको लागि देहाय बमोजिम न्यूनतम मूल्याङ्कनको दररेट कायम गर्ने निर्णय गरियो ।

क) सडक/गोरेटोको दायाँ बायाँ ३५ मिटर सम्म प्रति रोपनी

**वड नं. १**

- अरुण नदीदेखि नुर्बुचौरसम्म गोरेटो रु. २,००,०००।
- वडा कार्यालय ठाँगे टोल रु. ५,००,०००।
- जिमिगाउँ, एङ्लुवा मयुम, ढाँडगाउँ, नुर्बुचौर गोरेटोहरु रु. १,५०,०००।
- अन्य गोरेटो रु. १,००,०००।

**वड नं. २**

- अरुण नदीदेखि लुमलुम्मा रु. ३,००,०००।
- थरी गाउँ रु. २,००,०००।
- लुमलुम्मादेखि मुलगाउँ रु. २,००,०००।
- मुलगाउँदेखि सेदुवा वाङ्गे बजार रु. १,००,०००।
- वङ्गे बजारदेखि सेदुवा बजार रु. १०,००,०००।
- सेदुवा बजारदेखि टाँसी गाउँ रु. ३,००,०००।
- सेदुवादेखि सेक्देम रु. ३,००,०००।
- बेंशी, गैरीगाउँ, सुवेदी गाउँ रु. २,००,०००।
- सेदुवादेखि एन्देम रु. ३,००,०००।
- मुर्मिडाँडा वायुम रु. २,००,०००।
- अन्य गोरेटो रु. १,००,०००।

**वडा नं. ३.**

- अरुण नदीदेखि नयाँबस्ती गढी डाँडासम्म रु. १०,००,०००।
- गढीडाँडादेखि वडा नं. ४ पावाखोला जाने कृषि सडक चोकसम्म रु. १५,००,०००।
- वडा नं. ४ पावाखोला जाने कृषि सडक चोकदेखि उवा गाउँसम्म रु. ८,००,०००।
- उवादेखि ठाडो खोलासम्म ३,००,०००।
- गढी डाँडा जिरो प्वाईन्टदेखि साल बिसाउने सम्म रु. २०,००,०००।
- साल विसाउनेदेखि पोखरेसम्म रु. ६,००,०००।
- पोखरेदेखि हेंखुवाधारा सम्म रु. ५,००,०००।
- गढीबाट जमुने हुंदै गोलेचौरसम्म रु .६,००,०००।
- गोलेचौरदेखि मानेसम्म रु. ८,००,०००।
- मानेदेखि सिम्मा ग्राउण्डसम्म  रु. ४,००,०००।
- सिम्मा बजार रु. १५,००,०००।
- गोलेचौर आहाल डाँडासम्म रु. ८,००,०००।
- आहाल डाँडा देखि आलासम्म रु. ३,००,०००।
- हाईवेदेखि छिरिन्ते हुँदै गढी जाने कृषि सडक रु. ५,००,०००।
- ४ नं. जाने हाईवे चोकबाट वारि बलौटे पुल अरुण नदीको रु. ५,००,०००।
- गोरेटो बाटोले छोएको अन्य रु. २,००,०००।

**वडा नं. ४**

- अरुण नदी पारी सिरुटार बजार ईखुवा खोलाबीच रु. ८,००,०००।
- ईखुवादेखि आहाले खेतसम्म रु. १,००,०००।
- आहालेदेखि कारमाराङ वडा कार्यालयको जग्गासम्म रु. ३,००,०००।
- कारमाराङ बस्ती रु. ५,००,०००।
- अन्य गोरेटो बाटो रु.२,०००००।

**वडा नं. ५**

- मकालु ५ देउरालीबाट रानीढुङ्गासम्म प्रति रोपनी रु. ५,००,०००।
- रानीढुंगा लाङलिङसम्म प्रति रोपनी रु. ३,००,०००।
- लाङलिङ घुम्तिचोकसम्म प्रति रोपनी रु. १५,००,०००।
- घुम्तिचोक  बस काउन्टर सम्म प्रति रोपनी रु. १५,००,०००।
- बस काउन्टरदेखि सिंहेश्वरी मा.वि. स्कुलडाँडा प्रति रोपनी रु. २०,००,०००।
- हाईवेबाट नुम बजारभित्र रु. २५,००,०००।
- नुमबजारदेखि ठाडोबाटो तथा अन्य कृषि सडक हुँदै हाईवे जानेबाटो प्रति रोपनी रु. १०,००,०००।

- नुम बजारबाट आम्रङ जानेबाटो चिलाउने चौतारोसम्म तथा खोकताक जानेबाटो राईगाउँसम्म रु. ५,०००००।
- सिंहेश्वरी मा.वि. स्कुलडाँडादेखि कटुवाल डाँडा हुँदै फ्याक्सिंदा वेंशिसम्म प्रति रोपनी रु. १०,००,०००।
- हाईवेसँग जोडिएका अन्य कृषि सडक प्रति रोपनी रु. ३,००,०००।
- कटुवालडाँडाबाट चम्लाखर्क जाने बाटो प्रति रोपनी रु. ३,००,०००।
- देउराली सोलाखानी जाने कृषि सडक प्रति रोपनी रु.३,००,०००।
- साविक नुम गा.वि.स. वडा नं. ४, ५ र ६ अन्तर्गतका अन्य गोरेटो बाटोले छोएको प्रति रोपनी रु १,५०,०००।
- साविक नुम गा.वि.स. वडा नं. २, अन्तरगतका अन्य गोरेटो बाटोले छोएको प्रति रोपनी रु २ ,००,०००।
- साविक नुम गा.वि.स. वडा नं. १ अन्तरगतका अन्य गोरेटो बाटोले छोएको प्रति रोपनी रु. १ ,००,०००।
- साविक नुम गा.वि.स. वडा नं. ३,७,८,९ अन्तरगतका अन्य गोरेटो बाटोले छोएको प्रति रोपनी रु.१ ,५०,०००।

**वड नं. ६**

- अरुण नदी देखि सुन्तलेघाट वडा कार्यालय डाँडा गाउँ पैरेनी पूर्व पश्चिम वडा सिमाना क्षेत्र भित्र रु. २,००,०००।
- वडा कार्यालय डाँडागाउँ (पैरेनी) आसपास क्षेत्र भित्र रु. ५,००,०००।
- वडा कार्यालयबाट ढोलडाँडा आहाले गैरी सम्म रु. १,५०,०००।
- कन्या तथा वालेङ आधारभुत विद्यालय क्षेत्र आसपास रु. ३,००,०००।
- जालपा तथा धर्मभक्त आ. विद्यालय आसपास क्षेत्र रु. २,००,०००।
- अन्य गोरेटो १,००,०००।

**माथिका जग्गाहरु वाहेक अन्य जग्गाहरुको हकमा**

(क) **खेत**

| किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| दर प्रति रोपनी | १५०,०००।०० | १,००,०००।०० | ५०,०००।०० | २५,०००।०० |

**(ख) पाखो/वारी**

| किसिम | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| दर प्रति रोपनी | ६५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | २२,०००।०० |

**(घ) घर तथा संरचनाको मूल्यांकन प्रति वर्ग फिट रु.**

क) कच्चि गाह्रो वा जस्ता वा तख्ताले बारेर फुसको छानाप्रति वर्ग फुट रु.८५०।

ख) कच्चि गाह्रो वा जस्ता वा तख्ताले बारेर जस्ता/टायल छानाप्रति वर्ग फुट रु.१३५०।

ग) पक्कि गाह्रो जस्ता छानाप्रति वर्ग फुट रु.२,५००।

घ) पक्कि आर सि.सि. घर ढलानप्रति वर्ग फुट रु.३५००।

ङ) पक्कि घर लोड व्यारीङ्गप्रति वर्ग फुट रु.३,०००।

च) अन्य टहरा प्रति वर्ग फुट रु. १५०।

**पूनश्चः** माथी उल्लेख हुन छुट भएका तथा नयाँ ट्र्याक खोलीएका सडकसँग जोडिएका ३० मिटर दायाँ वायाँको जग्गाको मूल्याङ्कन सम्बन्धित व्यक्तिको घोषणा, गाउँ कार्यपालिकाको कार्यालयको प्राविधिक शाखा तथा राजश्व शाखाको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्विकृत भए अनुरुप कायम हुनेछ ।

**एकिकृत सम्पत्ती करको दर**

| क्र.स. | करयोग्य एकिकृत सम्पत्तीको मूल्य | बार्षिक दर |
|---|---|---|
| १ | पाँच लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एक मुष्ठ रु ५०। (पचास) |
| २ | पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १०। (दश) |
| ३ | एक करोड रुपैयाँसम्म | प्रति लाख रु.२०। (विस) |
| ४ | दुई करोड रुपैयाँसम्म | प्रति लाख रु.२५। (पच्चिस) |
| ५ | तिन करोड रुपैयाँसम्म | प्रति लाख रु.३०। (तीस) |
| ६ | पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५। (पैंतालिस) |
| ७ | पाँच करोड भन्दा माथि | प्रति लाख रु. ५०। (पचास) |

**नोट :** मुल्याङ्कन रकमलाई रु लाखमा (Round Figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**माथि उल्लिखित दरको आधारमा लाग्ने कर :**

| क्र.स. | मुल्याङ्कन रकम लाखमा | करको दर | जम्मा कर रकम |
|---|---|---|---|
| १ | ५० | १० | ५००।०० |
| २ | १०० | २० | २,०००।०० |
| ३ | २०० | २५ | ५,०००।०० |
| ४ | ३०० | ३० | ९,०००।०० |
| ५ | ५०० | ४५ | २२,५००।०० |
| ६ | १००० | ५० | ५०,०००।०० |
| ७ | १५०० | ५० | ७५,०००।०० |

**पुनश्चः** माथि उल्लेखित स्वीकृत एकिकृत सम्पत्ती कर लगायतका अन्य कर दस्तुर मिति २०७५।४।१ देखि लागू हुने निर्णय गरियो । यस आ.व. मा उल्लेखित कर दस्तुर लागू नहुँदा विगतमा लिइएका एकिकृत सम्पत्ती कर बाहेकका कर दस्तुर यसै अनुरुप लिएको मानि एकिकृत सम्पत्ती करको हकमा कसैले जरुरी काम फुकाउन मालपोत तिरी सकेको भएतापनि नियमानुसारको एकिकृत सम्पत्ती करमा आवद्ध हुनु पर्ने, एकिकृत सम्पत्ती करमा आवद्ध हुँदा मालपोत वापत तिरेको कर कटाई बाँकी हुन आउने रकम असुल उपर गर्ने/गराउने निर्णय गरियो ।

## अनुसूची–२

## गाउँपालिकाले लगाउने भूमिकर (मालपोत)

### १. मालपोत

क) खेत/बारी ५ रोपनी सम्म रु.२५ , ५ देखी २० रोपनीसम्म प्रति रोपनी रु. ५ का दरले, २० रोपनी भन्दा माथी प्रति रोपनी रु. ८ का दरले, वडा नं. ५ नुम, वडा नं. ३ गढी प्रति रोपनी रु. १०० तथा वडा नं. ३ सिम्मा र वडा नं. २ सेदुवा बजार क्षेत्रको घडेरी जग्गा प्रति रोपनी रु. ७५ का दरले कायम गर्ने ।

**जरिवाना :** १ वर्षसम्म नबुझाएमा २५ प्रतिशत थप, १ देखि ५ वर्षसम्म नबुझाएमा ३५ प्रतिशत थप, ५ देखि ७ वर्ष नबुझाएमा ५० प्रतिशत, ७ देखि १० वर्ष नबुझाएमा ७५ प्रतिशत थप र १० वर्ष भन्दा बढी अवधी नबुझाएमा १०० प्रतिशत थप जरिवाना लाग्ने ।

(**नोटः** आ.व. ०७४/७५ असार मसान्त भन्दा अगाडीको लागि मात्र)

## अनुसूची–३

## गाउँपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु

१) आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर कार्यालयको सहित २ दुई प्रतिशत ।

२) आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिएबापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रु. २।-

## अनुसूची–४

## गाउँपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु

| क्र.स. | व्यवसायको प्रकार / व्यापारिक बस्तु | न्युनतम रु. | अधिकतम रु. | कायम दर रु. |
|---|---|---|---|---|
| १) | क) चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा | ७५०।- | १०,०००।- | ठुला ५,०००।- मझौला ३,०००।- साना १,०००।- |
| | ख) निर्माण सामाग्री, कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा | ५००।- | ५०००।- | ठुला २,५००।- मझौला १,५००।- साना ५००।- |
| | ग) दैनिक उपभोगका खाद्य पदार्थ, सुर्ति कपडा आदिको थोक तथा खुद्रा व्यापारमा | ३६०।- | १०००।- | ठुला ८००।- माझौला ५००।- साना ३६०।- |
| | घ) सवारी साधन विक्रेता | ३६०।- | १०००।- | १,०००।- |
| २) | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| | क) चिकित्सक | ३६०।- | ३,०००।- | २,०००।- |
| | ख) कविराज | ३६०।- | १,०००।- | ५००।- |
| | ग) इन्जिनियर | ३६०।- | ३,०००।- | २,०००।- |
| | घ) कानून व्यवसायी | ३६०।- | ३,०००।- | २,०००।- |
| | ङ) लेखापरीक्षक | ३६०।- | ३,०००।- | २,०००।- |
| | च) दन्त चिकित्सक | ३६०।- | ३,०००।- | २,०००।- |
| | छ) अनुसन्धानकर्ता तथा परामर्शदाता | ३६०।- | ३,०००।- | २,०००।- |
| | ज) कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ३६०।- | ३,०००।- | १,५००।- |
| | झ) विमा एजेन्ट | ३६०।- | ३,०००।- | २,०००।- |
| | ञ) सर्भेयर | ३६०।- | ३,०००।- | २,०००।- |
| | ट) अनुबादक | ३६०।- | ३,०००।- | २,०००।- |
| | ठ) पशु चिकित्सक | ३६०।- | ३,०००।- | २,०००।- |
| | ड) शेयर दलाल | ३६०।- | ३,०००।- | ३,०००।- |
| | ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | ७५०।- | ३,०००।- | २,०००।- |
| | ण) संस्थागत पेन्टर | ५,०००।- | १५,०००।- | ५,०००।- |
| ३) | **उत्पादनमुलक उद्योग :** कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरि उत्पादन गर्ने उद्योगमा | २,०००।- | १०,०००।- | ठुला ५,०००।- मझौला ३,०००।- साना २,०००।- |

| क्र.<br>स. | व्यवसायको प्रकार<br>व्यापारिक बस्तु | न्युनतम<br>रु. | अधिकतम<br>रु. | कायम<br>दर रु. |
|---|---|---|---|---|
| ४) | **उर्जामुलक उद्योग :** जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २,०००।- | ५,०००।- | ३,०००।- |
| ५) | **कृषि तथा वनजन्य उद्योग :** मुलत कृषि वा वन पैदावरमा आधारित व्यवसायमा | १,५००।- | १०,०००।- | ठुला १०,०००।-<br>मझौला ५,०००।-<br>साना २,५००।- |
| ६) | **खनिज उद्योग:** खनिज उत्खनन् वा प्रशोधन गर्ने व्यवसायमा | १५००।- | १०,०००।- | १०,०००।- |
| ७) | **पर्यटन उद्योग:** पर्यटक, आवास, मेटेल, होटेल, रेष्टुरा रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर ऱ्याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, गल्फकोर्स, पोलो आदि उद्योग व्यवसायमा | १००० ।- | ५०,००० ।- | होटल साना : १,०००।-<br>होटल मझौला : २,५००।-<br>रेष्टुरेन्ट : ३,०००।-<br>पर्यटक होटल: ३,०००।-<br>ट्राभल एजेन्सी : ३०००।-<br>अन्य: ५०००।- |
| ८) | सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ४००।- | ७०००।- | १५००।- |
| ९) | **निर्माण उद्योग :** सडक, पुल, रोपवे, रेलवे, टनेल, फ्लाईङ ब्रिज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निमार्ण/ सञ्चालन गर्ने व्यवसायमा | १०००।- | १००००।- | ५०००।- |
| १०) | **संचार सेवा :** | | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | ३६०।- | १५००।- | ५००।- |
| | ख) निजिक्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोवाइल फोन, आइएसडी, एसटिडी, इमेल इन्टरनेट, रेडियो पेजिङ | ३६०।- | १५००।- | १०००।- |

| क्र.<br>स. | व्यवसायको प्रकार<br>व्यापारिक बस्तु | न्युनतम<br>रु. | अधिकतम<br>रु. | कायम<br>दर रु. |
|---|---|---|---|---|
| | ग) कुरियर सेवा | ३६०।- | १५००।- | ५००।- |
| | घ) छपाई तथा प्रकाशन | ३६०।- | ३०००।- | २०००।- |
| ११) | **वित्तीय सेवा** | | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैङ्क | ५०००।- | ५०,०००।- | १५,०००।- |
| | ख) आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ५०००।- | १००००।- | ५०००।- |
| | ग) वित्तीय कम्पनी शाखा कार्यालय | १००० ।- | ३०००।- | ३०००।- |
| | घ) विमा कम्पनी | ५०००।- | १००००।- | ७०००।- |
| | ङ) विदेशी मुद्रा सटही | १०००।- | ३०००।- | २५००।- |
| | च) धितोपत्र कारोबार | १०००।- | ३०००।- | २५००।- |
| | छ) सहकारी बैङ्क | १०००।- | २०००।- | १५००।- |
| १२) | **स्वास्थ्य सेवा** | | | |
| | क) गैर सरकारी अस्पताल | १५००।- | ५०००।- | ५०००।- |
| | ख) नर्सिङ होम | २५००।- | ५०००।- | ५०००।- |
| | ग) क्लिनिक तथा ल्याब | ५००।- | ३०००।- | २५००।- |
| १३) | **शिक्षा सेवा** | | | |
| | क) निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | ३६०।- | १०००।- | १०००।- |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | १०००।- | ३०००।- | २०००।- |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | १०००।- | ३०००।- | २०००।- |
| | घ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | २५०० ।- | ५०००।- | ५०००।- |
| १४) | **मर्मत तथा सम्भार सेवा** | | | |
| | क) हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटरसाइकल, टेम्पो, साइकल मर्मत कारखाना मोटरसाइकल | १००।- | ३०००।- | गाडी : २०००।-<br>अन्य रु. १०००।- |
| | ख) रेडियो, टिभी, घडी, प्रेसरकुकर, हिटर, टेलिफोन सेट, विधुतिय सामाग्री मर्मत केन्द्र | १००।- | १५००।- | १००० |
| १५) | **अन्य सेवा** | | | |
| | क) विज्ञापन सेवा | ३६० ।- | १५००।- | १५०० |
| | ख) बैदेशिक रोजगार सेवा | १००० ।- | ५०००।- | ५००० |
| | ग) स्वदेशी रोजगार सेवा | ३६० ।- | १५००।- | १००० |

| क्र.स. | व्यवसायको प्रकार<br>व्यापारिक बस्तु | न्युनतम रु. | अधिकतम रु. | कायम दर रु. |
|---|---|---|---|---|
| | घ) सेक्रेटेरियल सेवा | १००० ।- | १५००।- | १०००।- |
| | ङ) हाउजिङ तथा घरजग्गा खरिद बिक्रि, रियल स्टेट | १५०० ।- | ५०००।- | ५०००।- |
| | च) व्युटिपार्लर, केश श्रृंगार, ड्राइ क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | ३६० ।- | १५००।- | १०००।- |
| | छ) साइनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ३६० ।- | १५००।- | १०००।- |
| | ज) पशु बधशाला | १००० ।- | ३०००।- | १०००।- |
| | झ) मासु विक्रेता | ३६० ।- | १०००।- | १०००।- |
| | ञ) फुल र विरुवा विक्रेता | ३६०।- | १०००।- | ५००।- |
| | ट) पुल हाउस | ३६०।- | १०००।- | १००० ।- |
| | ठ) खोटो व्यवसायी | ३६०।- | १०००।- | १००० ।- |
| | ड) सिसा, प्लाइउड विक्रेता | ३६०।- | १०००।- | १०००।- |
| | ढ) भाँडाकुँडा विक्रेता | ३६०।- | १०००।- | १०००।- |
| | ण) स्टिल, काष्ठ, फर्निचर विक्रेता | ५००।- | १५००।- | १५००।- |
| | त) खेलौना, उपहार (गिफ्ट) विक्रेता | १००।- | ५००।- | ५००।- |
| | थ) केबुल नेटवर्किङ | ५०००।- | ५००००।- | १०,०००।- |
| १६) | **अन्य व्यवसाय** | | | |
| | क) पार्क, पिकनिक स्पट | ७५०।- | १०००।- | १००० ।- |
| | ख) क्यासिनो | ५००००।- | १,००,००० | ७५०००।- |
| | ग) टुर अपरेटर | २५००।- | ४०००।- | ३०००।- |
| | घ) मसाज पार्लर | १०००।- | ३०००।- | १५०० ।- |

## निर्माण व्यवसाय इजाजत पत्रको दस्तुर

| क्र.स | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| क) | "घ" वर्गको इजाजत पत्र दस्तुर | ५०००/- | मिति २०७५।७।१६ को विशेष गाउँसभाबाट संशोधित |
| ख) | "घ" वर्गको इजाजत पत्र वार्षिक नवीकरण दस्तुर | ३०००/- | |
| ग) | "घ" वर्गको इजाजत पत्र वार्षिक नवीकरण थप (बिलम्ब) दस्तुर | ६०००/- | |
| घ) | "घ" वर्गको इजाजत पत्र को प्रतिलिपी दस्तुर | १०००/- | |

*नोटः असोज मसान्तभित्र नविकरण नभएको र चैत्र मसान्तभित्र नविकरण गर्नुपर्ने भए थप दस्तुर समेत तिर्नुपर्ने ।*

**१८. अस्थाई हाट बजार वा घुम्ती पसल :**

यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर :

- घुम्ती मोबाइल पसल, खुन्चा समेतमा २५ रुपैयाँ
- चौपाया प्रति गोटा २५ रुपैयाँ
- हाँस, कुखुरा आदि प्रति गोटा १० रुपैयाँ
- साग सब्जी र फलफुल पसल ५ रुपैयाँ
- अन्य १० रुपैयाँ ।

१९. माथिको वर्गिकरणमा समाबेश नभएका सेवा, व्यवसायको कारोबार र स्तर हेरी बार्षिक नियमानुसार रु. १०० देखी रु. ५००० सम्म ।

## अनुसूची–५

### गाउँपालिकाले लगाउने जडिबुटि, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | अलैंची प्रति कि.ग्रा. | ७।- | |
| २ | अम्लीसो प्रति कि.ग्रा. | ०.५।- | |
| ३ | मजिटो प्रति कि.ग्रा. | ०.५।- | |
| ४ | रिठ्ठा प्रति कि.ग्रा. | ०.५।- | |
| ५ | अमला प्रति कि.ग्रा. | ०.५ ।- | |
| ६ | हर्रो वर्रो प्रति कि.ग्रा. | ५।- | |
| ७ | हाडे लसुन प्रति कि.ग्रा. | १।- | |
| ८ | कागती प्रति कि.ग्रा. | ५।- | |
| ९ | चिरैतो प्रति कि.ग्रा. | ५।- | |
| १० | सतुवा प्रति कि.ग्रा. | २०।- | |
| ११ | वन लसुन प्रति कि.ग्रा. | २०।- | |
| १२ | यार्सागुम्बा क वर्गको | ५,०००।- | |
| १३ | यार्सागुम्बा ख वर्गको | ५००।- | |
| १४ | खेखिम प्रति कि.ग्रा. | २०।- | |
| १५ | जटामसि प्रति कि.ग्रा. | ३०।- | |
| १६ | कुड्की प्रति कि.ग्रा. | ५०।- | |
| १७ | पदमचाल प्रति कि.ग्रा. | २०।- | |
| १८ | हाडजोर प्रति कि.ग्रा. | ३०।- | |
| १९ | सुनपाती भैरुङ्गपाती प्रति कि.ग्रा. | ०.५ ।- | |
| २० | लोड सल्ला गोब्रे सल्ला प्रति कि.ग्रा. | २५।- | |
| २१ | च्याउ कालो प्रति कि.ग्रा. | २००।- | |
| २२ | च्याउ रातो प्रति कि.ग्रा. | ५०।- | |

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु | कैफियत |
|---|---|---|---|
| २३ | बिखमा प्रति गोटा | १।- | |
| २४ | स्यामफुल प्रति कि.ग्रा. | ५।- | |
| २५ | ठूलो ओखती प्रति कि.ग्रा. | १०।- | |
| २६ | अल्लो प्रति कि.ग्रा. | २०।- | |
| २७ | सिक्रे प्रति कि.ग्रा. | १०।- | |
| २८ | अर्गेली प्रति कि.ग्रा. | ५।- | |
| २९ | कुर्सिमला प्रति कि.ग्रा. | ३।- | |
| ३० | चाबो प्रति कि.ग्रा. | ५।- | |
| ३१ | पिप्ला प्रति कि.ग्रा. | ३।- | |
| ३२ | वन आलु प्रति कि.ग्रा. | ५००।- | |
| ३३ | तुवा प्रति कि.ग्रा. | ५०।- | |

**चौपाया व्यवसाय कर**

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | गाई, गोरु प्रति गोटा | १००।- | |
| २ | च्याङग्रा प्रति गोटा | ५०।- | |
| ३ | भेडा खसी बोका प्रति गोटा | ५०।- | |
| ४ | चौरी प्रति गोटा | १५० ।- | |
| ५ | खच्चड प्रति गोटा | ५०।- | |
| ६ | उन प्रति कि.ग्रा. | ५।- | |
| ७ | राडी पाखी क वर्ग प्रति गोटा | १००।- | |
| ८ | राडी पाखी ख वर्ग प्रति गोटा | ५०।- | |
| ९ | रांगा भैसी प्रति गोटा | १५० ।- | |
| १० | चमर प्रति गोटा | ५।- | |

## अनुसूची ६
## गाउँपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु

### १. सवारी दर्ता तथा बार्षिक सवारी कर

- बस, ट्रक, लरी र अन्य हेभि गाडिमा रु. ३०००।-
- ट्याक्टर रु. २०००।-
- भाडाको कार, जिपमा रु. ५००।-
- भाडाको कार, टेम्पोमा रु. ३००।-
- भाडाको मिनि बसमा रु. १०००।-
- निजि कार, टेम्पो, मिनि बसमा रु. ५००।-
- स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन : २००।-
- ठेलागाडा तथा रिक्सामा रु. ५०।-

**द्रष्टब्यः-** एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउंपालिकाले लिने छैन ।

### २. पटके सवारी कर

- निजी तथा भाडाका बस, ट्रक र ट्र्याक्टरमा रु. २०।-
- मिनि बसमा रु.१०।-
- निजि तथा भाडाका कार, टेम्पामा रु. १०।-
- हेलिकप्टर रु.५०० ।-
- अन्य सवारी साधनमा रु ५।-

### ३. दर्ता तथा सञ्चालन ईजाजत दस्तुर :

गाउँपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा आदि दर्ता रु. ५०।-

## अनुसूची ७
## गाउँपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु

| क्र.स. | दस्तुर | दर | कैफियत |
|---|---|---|---|
| १ | विज्ञापन प्रचार प्रसारको होडिङ्ग बोर्ड प्रतिगोटा | ५ वर्ग फि. सम्मको रु. ५००।, १० वर्ग फिटसम्मको रु.२०००। र १० वर्ग फिट माथी रु.३०००। प्रति गोटा | |

## अनुसूची ८
## गाऊँपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु |
|---|---|---|
| १ | सिनेमा हल तथा मनोरञ्जन प्रर्दशन स्थलको प्रवेश | २% |
| २ | जादु, सर्कस, चटक प्रर्दशन | ५०० प्रति दिन |

## अनुसूची ९

## गाउँपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | टहरो, छाप्रो (मासिक) | ५०।- | |
| २ | घुम्ति पसल (मासिक) | ५०।- | |
| ३ | ठेला गाडा (मासिक) | ५०।- | |
| ४ | हाट वजारमा प्रत्येक पसल (मासिक) | ५०।- | |

## अनुसूची १०

## गाउँपालिकाले लगाउने पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु

१) गाउंपालिकाले आफुले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका मिनिबस, ट्रक, ट्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा ४० रुपैयाँ ।

२) गाउँपालिकाले आफुले निर्माण गरि सञ्चालन गरेको आधुनिक सुविधा सम्पन्न बसपार्कमा समयको आधारमा एक पटकमा ४० रुपैयाँ

३) गाउँपालिकाले आफुले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा समयको आधारमा एक पटकमा २० रुपैयाँ ।

४) प्रकरण १, २ र ३ मा उल्लेखित सवारी साधन बाहेक अन्य सवारीका लागि समयको आधारमा १० रुपैया ।

## अनुसूची ११

## गाउँपालिकाले लगाउने ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क

| क्र.स. | दस्तुर | दर |
|---|---|---|
| १ | मकालु हिमाल आरोहण सार्क राष्ट्रका नागरिकहरुलाई | ५०००।- |
| २ | मकालु हिमाल आरोहण सार्क राष्ट्र बाहेक अन्य एशिया महादेश भित्रका देशका नागरिकहरुको लागि | १००००।- |
| ३ | मकालु हिमाल आरोहण अन्य राष्ट्रका नागरिककाहरुका लागि | १५०००।- |
| ४ | मकालु आधार सिविरसम्म ट्रेकीङ सार्क राष्ट्र भित्रका नागरिकलाई | २००।- |
| ५ | मकालु आधार सिविरसम्म ट्रेकीङ एशिया भित्रका नागरिकहरुका लागि | ५००।- |
| ६ | मकालु आधार सिविरसम्म ट्रेकीङ अन्य राष्ट्रका नागरिकहरुका लागि | १०००।- |
| ७ | ऱ्याफ्टिङ सार्क राष्ट्र भित्र पर्ने देशहरुका नागरिकहरुको लागि | ५००।- |
| ८ | ऱ्याफ्टिङ एशिया महादेश भित्र पर्ने देशहरुका नागरिकहरुको लागि | १०००।- |
| ९ | ऱ्याफ्टिङ अन्य राष्ट्र भित्र पर्ने देशहरुका नागरिकहरुको लागि | १५००।- |

## अनुसूची १२

## गाउँपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु

| सि..नं | दस्तुर | कायम रकम |
|---|---|---|
| १ | बंशजको आधारमा नागरिकता सिफारिस | २००।- |
| २ | नाम छुट तथा  सनाखत नागरिकता शिफारिस | २००।- |
| ३ | अंगिकृत नागरिकता शिफारिस | ५००।- |
| ४ | नाता प्रमाणित | ५००।- |
| ५ | क. पञ्जिकरण सिफारिस<br>ख. पञ्जिकरण बिलम्ब शुल्क<br>ग. पञ्जिकरण प्रतिलिपि शुल्क | २००।-<br>५०।-<br>३००।- |
| ६ | नाम, थर, जन्म मिति, ठेगाना, प्रहरी रिपोर्ट साथै जातियता सम्बन्धि सिफारिस | २५०।- |
| ७ | घर जग्गा तथा पेन्सन नामसारी सिफारिस | ३००।- |
| ८ | घर बाटो भएको सिफारिस | ४००।- |
| ९ | सम्बन्ध बिच्छेद सिफारिस | ५००।- |
| १० | पानी, बिद्युत, टेलिफोन जडान सम्बन्धि सिफारिस | २५०।- |
| ११ | बिद्यालय स्तर बृद्धि सिफारिस | १०००।- |
| १२ | अंग्रेजी भाषामा सिफारिस वा अङ्ग्रेजीमा रुपान्तरण | १०००।- |
| १३ | चार किल्ला प्रमाणित | ३०० मालपोत,<br>५०० वित्तीय |
| १४ | मेला,उत्सब, महोत्सब लगाउने सिफारिस | ५०००।- |
| १५ | १ रोपनी भन्दा कम जग्गा प्लटिङ गर्नको लागि | १००० ।- |

| सि..नं | दस्तुर | कायम रकम |
|---|---|---|
| | सिफारिस | |
| १६ | १ देखि ३ रोपनीसम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ३०००।- |
| १७ | ५ रोपनी भन्दा बढि जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ५०००।- |
| १८ | संघ सस्था दर्ताको लागि सिफारिस | ५००।- |
| १९ | अन्य बिशेष प्रकृतिका सिफारिस | ५००।- |
| २० | रुख कटान सिफारिस (उत्तिस, सल्ला, सिरिस) प्रति रुख | ५०।- |
| २१ | रुख कटान सिफारिस (चिलाउने, पात्ले) प्रति रुख | १००।- |
| २२ | रुख कटान सिफारिस (खयर, साल) प्रति रुख | १५०।- |
| २३ | नक्सा प्रमाणित प्रतिपेज | १०० ।- |
| २४ | सर्जमिन दस्तुर | १००० ।- |
| २५ | विपन्न असहाय तथा छात्रवृत्ती सिफारीस | निशुल्क |
| २६ | माईक्रो हाईड्रो पावर सिफरिस | ५०००।- |
| २७ | घरेलु तथा साना उद्योग सञ्चालन स्वीकृती | १०००।- |
| २८ | मझौला उद्योग सञ्चालन स्वीकृती | ५०००।- |
| २९ | ठुलो उद्योग सञ्चालन स्वीकृती | १०,०००।- |
| ३० | सस्था दर्ता सिफारिस | १०००।- |
| ३१ | कच्ची घर सम्पन्न सिफारिस प्रमाणित | ५००।- |
| ३२ | पक्की घर सम्पन्न सिफारिस प्रमाणित | १०००।- |
| ३३ | हाटबजार दर्ता शुल्क | १०००।- |
| ३४ | व्यवसाय नविकरण दस्तुर १ लाख सम्म रु. २००।, ५ लाख सम्म रु. ३००।, २० लाख सम्म रु. ५००। र बीस लाख माथि रु. १०००।- | |
| ३५ | राहदानीको लागि फोटो प्रमाणित गरी वडा कार्यालयले दिने सिफारिस (मिति २०७५/०७/१६ को विशेष गाउँसभाद्वारा अनुमोदन गरेको) | १०००।- |

**पुनश्च** : सामुदायिक वनको सार्बजनिक संस्थाका रुख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर लाग्नेछ (घरायसी प्रयोजन वाहेक)

### ख. टिकट तथा निवेदन दस्तुर

| सि..नं | दस्तुर | कायम रकम | कैफियत |
|---|---|---|---|
| १ | मुद्धा, उजुरी निवेदन दर्ता | ५०।- | |
| २ | तारेख, मिलापत्र एवम् सहमति | ५००।- | |
| ३ | भवन निर्माण तथा नक्सा पास निवेदन दर्ता | १०००।- | पक्किको लागि |
| ४ | भवन निर्माण तथा नक्सा पास निवेदन दर्ता | १००।- | कच्चिको लागि |

### ग. घर नक्सा पास दस्तुर रु.

| सि.नं | दस्तुर | कायम रकम |
|---|---|---|
| १ | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १.५ |
| २ | कच्ची घर प्रति वर्ग फिट ग्रामिण क्षेत्र | १.५ |
| ३ | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्चीसडक) | २.५ |
| ४ | आर.सि.सि.घर प्रति वर्ग (कच्ची सडक) | ३ |
| ५ | आर.सि.सि.घर प्रति वर्ग(पक्की सडक) | ५ |
| ६ | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक) | ३ |
| ७ | नक्सा संशोधन साबिक माथि | २०% थप |

### घ. हल भाडा

| सि.नं | दस्तुर | कायम रकम |
|---|---|---|
| १ | गाउंपालिकामा रहेको हल प्रति दिन | १५००।- |
| २ | वडा केन्द्रमा रहेका वडा कार्यालय तथा विषयगत कार्यालयका हल प्रति दिन | १०००।- |
| ३ | सामुदायिक भवन प्रति दिन | २५००।- |

## अनुसूची १३:
## गाउँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु

| सि.नं | दस्तुर | कायम रकम |
|---|---|---|
| १ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क जिल्लाबासीलाई | ५०।- |
| २ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य स्वदेशीलाई | १००।- |
| ३ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क सार्क मुलुकलाई | १५०।- |

| सि.नं | दस्तुर | कायम रकम |
|---|---|---|
| ४ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य मुलुकलाई | २५०।- |
| ५ | मकालु हिमाल आरोही स्वदेशिलाई | २५०।- |
| ६ | मकालु हिमाल आरोही सार्क राष्ट्रकोलाई | १००० ।- |
| ७ | मकालु हिमाल आरोही एशियालीलाई | १५००।- |
| ८ | मकालु हिमाल आरोही अन्य विदेशीलाई | २,०००।- |

## अन्य विविध शुल्क दस्तुर

| क्र.सं | व्यापारिक बस्तुको नाम | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | रेडिमेड कपडा पसल आदिको थोक तथा खुद्रा व्यापारमा | १००० ।- | |
| २ | निर्माण सामाग्री हार्डवेयर पसल | २०००।- | |
| ३ | डान्स, फिजिकल फिटनेस सेन्टर आदि | १५००।- | |
| ४ | कुटानी पिसानी मिल | १०००।- | |
| ५ | पर्यटक रिसोर्ट | ५०००।- | |
| ६ | रक्सी वाईन फ्याक्ट्री | ६०००।- | |
| ७ | सिरक डसना बनाउने उद्योग | १५००।- | |
| ८ | सिलाई कटाई तथा टेलरिङ | १०००।- | |
| ९ | कुखुरा, बाखा, गाई तथा अन्य पशुजन्य तथा फलफुल फर्म तथा व्यवसाय | ३ लाख सम्म पूंजि लगानीको १५००।- सोभन्दा माथि प्रतिलाख ५००।- थप | लागतको आधारमा |
| १० | रेडियो तथा एफ.एम. स्टेसन | ३०००।- | |
| ११ | टेलिभिजन स्टेसन | ५०००।- | |
| १२ | स्टेशनरी | १५००।- | |
| १३ | निजि दूरसंचार टावर | २५००।- | |
| १४ | राष्ट्रिय गैर सरकारी संस्था | १५००।- | |
| १५ | लघु तथा घरेलु उद्योग | १५००।- | |
| १६ | सिनेमा घर | २५००।- | |
| १७ | स्टेज/ड्यास भाडा | ५००।- | |
| १८ | प्रोजेक्टर भाडा प्रति दिन | ५००।- | |
| १९ | पूर्ण सरसफाई सेवा शुल्क प्रति घर | ६००।- | |
| २० | सरसफाई शुल्क प्रति होटल बार्षिक | १०००।- | |
| २१ | सब्जि व्यापारी कांटावाल | १५००।- | |
| २२ | सुन चांदी पसल | २५००।- | |
| २३ | काठमिल | ५०००।- | |
| २४ | पेट्रोलपम्प | ५०००।- | |
| २५ | सिमेन्ट उद्योग | रु.१ प्रतिबोरा | |
| २६ | अन्य | सा. १०००।- म. १५००।- २०००।- | माथि उल्लेख भएकोमा बाहेक |
| २७ | ग्रील | १,०००।- | |

**पूनश्च :** माथिका अनुसूचीअरुमा छुट भएको/भुलवस नियमानुसार भन्दा वढी भएकाको हकमा नियमानुसार तोकिएको अधिकतम दररेट कायम हुनेछ ।